# ६. उद्धारको निम्ति विश्वास

क. मुख्य पदहरु

यूहन्ना ३:१६ | रोमी १०:९-१३

लूका १३:२३-२५ | रोमी ३:२१-२८

ख. परिचय


परमेश्वरको राज्यमा प्रवेश गर्न दोश्रो मुख्य सर्त हो - "बचाउने विश्वास". बांच्न र येशूलाई उहाँको चेलाको रुपमा पछ्याउनको निम्ति हामीले विश्वास गर्नैपर्छ. हामी पापी हौं र हामीलाई बचाउनको निम्ति येशू मर्नुभयो भनेर हामीले विश्वास गर्नैपर्छ. हामीले हाम्रा पापहरुबाट पश्चाताप गर्नुपर्छ र ती पापहरु क्षमा गरिदिन परमेश्वरसँग बिन्ती गर्नुपर्छ. त्यसपछि हाम्रो जीवन येशूमा सुम्पेर उहाँलाई प्रभु र उद्धारकर्ता बनाउनुपर्छ (मर्कूस १:१५, प्रेरित २०:२१, यूहन्ना १:१२).

ग. बचाउने विश्वास भनेको के हो ?


यस प्रकारको विश्वासले हामीलाई उद्धारतर्फ डोऱ्याउँछ र यसका विभिन्न पक्षहरु छन् :

- तपाईंको जीवन परमेश्वरप्रति प्रतिबद्ध गर्ने (भजन ३७:५).
- येशूमा विश्वास गर्ने (यूहन्ना ३:१५).
- हृदयदेखि नै आज्ञाकारी हुने (रोमी ६:१७).
- हृदयदेखि विश्वास गर्ने (रोमी १०:९-१०).
- बाइबललाइ परमेश्वरको बचन मानेर विश्वास गर्ने (२तिमोथी ३:१६-१७).
- परमेश्वरमाथि भरोसा गर्ने (हिब्रु २:१३).
- येशूलाई आफ्नो जीवनमा निम्त्याउने (प्रकाश ३:२०).


घ. पूलको उदाहरण




मानिसको समस्या - पृथक्करण (विच्छेद)




परमेश्वरको समाधान - क्रूस





मानिसको प्रत्युत्तर - येशू ख्रीष्टलाई स्वीकार गर्नु

ङ. नयाँ जन्म पाउनुको अर्थ के हो ?

"त्यसकारण कोही मानिस ख्रीष्टमा छ भने ऊ नयाँ सृष्टि भएको छ, पुराना कुराहरु बितेर नयाँ आएको छ." २कोरिन्थी ५:१७

"शान्तिका परमेश्वर आफैले सम्पूर्ण रुपले तिमीहरुलाई चोखा तुल्याउन्, र तिमीहरुका समस्त आत्मा, प्राण र शरीर हाम्रा प्रभु येशू ख्रीष्टको आगमनमा निष्कलङ्क रहून." १थेस ५:२३

"हामी कस्तो अनुभव गर्दैछौं त्यो हाम्रो अनुभवले देखाउँछ, हाम्रो मनले हाम्रा विचारहरु तथा हाम्रा बोली बचनबाट हाम्रा चाहनाहरु प्रकट हुन्छन्." वाचमाएन नी



आत्माबाट नजन्मेको मानिसलाई उसको प्राणले खतम पार्छ. ारिस्थितिहरुको मूल्याङ्कन आफ्नो मनले गर्छ र त्यसरी उ निष्कर्षमा पुग्छ. ााफ्ना भावनाहरुको ऊ निकै बास्ता गर्छ र तीबाट प्रायश: आफू चल्ने गर्छ. ााफ्नो मनले गरेका तर्कहरुको आधारमा या भावनात्मक इच्छाहरुको ारिणाम अथवा दुवैको सहयोगमा निर्णयहरु ऊ आफैं गर्नेगर्छ."
कोलिन उर्कुहार्ट -

ायाँ जन्म पाउनु अघि हामी दुईटा मानिसको रुपमा जिउने गर्छौं - प्राण भित्री मानिस) र शरीरको क्षेत्रमा. दुवै किसिमले विचार गर्दा हाम्रो मानव ात्मा मरेको छ. यसको मतलव यो हो - त्यो मानव आत्माले हाम्रो नर्णय, इच्छा तथा कामहरुमा प्रभाव पार्न सक्दैनन र त्यसरी त्यो क्रियाशील ब्रेन (एफिसी २:१-२ हेर्नुस).

ायाँ जन्म भनेको हाम्रो जीवनको गहन व्यक्तित्व जुन पापको कारण ारिसकेको थियो त्यो पुन: प्राप्त गर्नु हो. परमेश्वरको आत्माले हामीलाई ीवित पारेपछि हामी ३ खण्डमा विभाजित मानिस जस्तै जिउन थाल्छौं. ासको अर्थ हामी आत्मा, प्राण र शरीरमा जिउनु भनेको के हो सो थाहा ाउन थाल्छौं (गलाती ५:१६-२५, रोमी ८:९-१४, यूहन्ना ३:३-८).

ायाँ जन्म नपाइकन हामीले स्वर्गको राज्य देख्न नसक्ने कुरा येशूले ान्नुभएको छ. राज्य हेर्नु भनेको परमेश्वरको सत्यता अनुभव गर्नु हो, ाहाँको प्रेम र क्षमालाई जान्नु हो र उहाँद्वारा पवित्र आत्मा हामीमा वास ार्नु भएर परमेश्वरको सामर्थ्यमा जीवन जिउनु हो.

## विश्वास परमेश्वरको वरदान हो

किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरुले उद्धार पाएका छौ - र यो ामीहरु आफैबाट होइन, यो त परमेश्वरको वरदान हो - कर्महरुद्वारा ोइन, नत्रता मानिसले घमण्ड गर्नेछ." एफिसी २:८-९

ाम्रो विश्वासलाई परमेश्वरमा राखेर सामर्थ्यकासाथ हामी जन्मेका होइनौं. बैभन्दा पहिले त, यो विश्वास पवित्र आत्माको वरदान हो, जो हाम्रो ीवनमा परमेश्वरतर्फ फर्कन हामीलाई प्रेरित गर्नुहुन्छ. जब हामी रमेश्वरलाई सुन्छौं र प्रत्युत्तर दिन्छौ, हाम्रो जीवन विश्वासको महान रदान पाउने योग्यको हुन्छ. यसले हाम्रो विश्वासलाई परमेश्वरमा राख्न येशूलाई मुक्तिदाता प्रभु भनी स्वीकार गर्ने योग्यको बनाउँछ.

## छ. हाम्रो उद्धारको सुनिश्चितता

- हामी कहिल्यै पनि आफ्ना भावनाहरुमाथि भरपर्नु हुदैन तर तथ्यहरुमाथि भरपर्नुपर्छ.
- परमेश्वरको वचनले हामीलाई जे भन्छ, त्यसमा भरपर्नुपर्छ (यूहन्ना ५:२४, हिब्रु १३:५, यूहन्ना ६:३७, रोमी ८:३८-३९, तितस १:२, यूहन्ना १०:२८-२९).
- हामीमा भएको पवित्र आत्माको साक्षी (रोमी ८:१४-१६, १यूहन्ना ३:२४).

## ज. पापीको प्रार्थना

यदि तपाईंको पापहरु क्षमा भएर परमेश्वरको सन्तान वा येशूको चेला बन्न चाहनुहुन्छ भने तल दिइएको या यस्तै अर्को प्रार्थना गर्नुहोस्.

*"प्रभु, मलाई थाहा छ म पापी हुं. मेरो पापको निम्ति येशू मर्नुभएको मलाई विश्वास छ. मेरो पापको निम्ति मैले पाउनुपर्ने दण्ड क्रूसमा उहाँ आफैंले लिनुभयो. मेरो पापबाट फर्किंदै म पश्चाताप गर्दछु र म परमेश्वरसित क्षमा माग्दछु. म मेरो जीवन येशूलाई सुम्पन्छु र उहाँलाई मेरो प्रभु र उद्धारकर्ता मान्दछु. उहाँको आज्ञाहरु पालन गर्दै उहाँको खुशीको निम्ति म मेरो जीवन जीउंछु. येशूको रगतले मेरा पापहरु धोइएर शुद्ध पारिएकोले अहिले म परमेश्वरको सन्तान हुँ भन्ने मलाई थाहा छ. परमेश्वरको स्तुति होस्, आमेन ।"*

यदि तपाईंले यो प्रार्थना गर्नुभएको भए बाइबलमा लेखिएको उद्धारको सुनिश्चितता सम्बन्धी अंशहरु फेरि पनि पढनुस र अरुलाई तपाईं भरखरै क्रिश्चियन हुनुभएको साक्षी दिनुहोस. अहिले भरखर गर्नुभएको कामका बारेमा तपाईंले आफ्नो मुखद्वारा स्वीकार गर्नुपर्छ (रोमी १९:९-१०). येशूको नयाँ चेलाको रुपमा हुर्कन हामीलाई अरुको सहायताको खांचो पर्छ. कुनैपनि मानिस विश्वासमा एक्लै बांच्न सक्दैन. उद्धार एक आनन्दमय कुरा हो भन्ने तथ्यलाई याद गर्नुहोस्. अहिले भर्खर तपाईंले आफ्नो भाग्य अनन्तका निम्ति बदल्नुभएको छ (प्रेरित १६:३४, ८:३९).

झ. प्रश्नहरु र छलफलको बुँदाहरु

१. “तपाई कसरी क्रिश्चियन हुनुभयो ?” भनेर कसैले सोध्यो भने के भन्नुहुन्छ ? (तिनीहरुले बुझ्न सक्ने सरल वाक्यमा भन्नुहोस).
२. तपाई अहिले क्रिश्चियन हुनुभएको तथ्यको निश्चिन्तता उसलाई कसरी बताउनुहुन्छ ?
३. येशूलाई प्रभु र मुक्तिदाता भनेर तपाईंले स्वीकार गरेकै क्षण के भइहालेको हुन्छ ?
४. बचाउने विश्वासका बारेमा कुरा गर्दा बाइबल परमेश्वरको वचन भनेर विश्वासगर्नु किन महत्वपूर्ण छ ?
५. आफू बच्नुपर्ने सत्यतालाई धेरै मानिसहरु किन बुझ्दैनन् ? (२कोरिन्थी ४:४).
६. मानिसको बाटो पछ्याउनु र परमेश्वरको बाटो पछ्याउनु बीचको भिन्नता के हो ?
७. के उद्धार नै सबै थोक हो ?

ञ. सारांश र प्रयोग

१. येशूको चेला भएर बाँच्नको निम्ति आफूले गरेका पापहरुलाई स्वीकार गर्दै तपाईंले यसबाट पश्चाताप गर्नुपर्छ र परमेश्वरबाट ती सबै कुराहरुका लागि क्षमा माग्नुपर्छ. त्यसपछि आफ्नो जीवन येशूलाई सुम्पदै उहाँलाई प्रभु र मुक्तिदाता मान्नुपर्छ.
२. जब हामी बांच्छौं हामीले पवित्र आत्मा बैनामा पाउँछौं. त्यसरी उहाँ हाम्रो उद्धारको जमानत बसिदिनुहुन्छ र हामी आत्मामा जीवित हुन्छौं (एफिसी १:१३-१४).
३. हामी येशू ख्रीष्टमा भएपछि हामीलाई प्रशस्तताको जीवन उपलब्ध हुन्छ (यूहन्ना १०:१०).